आज मिति २०८२ **वैशाख** ४ गते ~~शनिबारको~~ बिहिबार दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालु आ.व. २०८१/०८२ को सोह्रौं गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

उपस्थिति:

क्र. सं.	नाम, थर	पद	हस्ताक्षर
१.	श्री मिना कार्की बस्नेत	अध्यक्ष	
२	श्री डवाङ ल्हाक्पा शेर्पा	उपाध्यक्ष	
३.	श्री मिङ्मार गेल्जे शेर्पा	१ नं. वडा अध्यक्ष	
४.	श्री मणिराज बस्नेत	२ नं. वडा अध्यक्ष	
५.	श्री ध्रुव बहादुर बस्नेत	३ नं. वडा अध्यक्ष	
६.	श्री हिक्मत बहादुर बस्नेत	४ नं. वडा अध्यक्ष	
७.	श्री डिमाछिरि लामा	५ नं. वडा अध्यक्ष	
८.	श्री सोममाया श्रेष्ठ	कार्यपालिका सदस्य	
९.	श्री शोभादेवी लामिछाने	कार्यपालिका सदस्य	शोभा
१०.	श्री सविता वि.क.	कार्यपालिका सदस्य	
११.	श्री चित्रमाया वराईली	कार्यपालिका सदस्य	
१२.	श्री निर कुमार वि.क.	कार्यपालिका सदस्य	
१३.	श्री मान बहादुर भुजेल	कार्यपालिका सदस्य	मान
१४.	श्री अग्नी प्रसाद पराजुली	सचिव	
१५.	गोविन्द बस्नेत	स.क.अ.	

१६. ज्ञानु दाजी स्वास्थ्य संयोजक

१७. राजकुमार रवी शैक्षिक अधिकृत

प्रस्तावहरु

१) गत बैठकको समिक्षा ।
२) [illegible] सम्बन्धमा ।
३) प्रदेश समपूरक अनुदान सम्बन्धमा ।
४) स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा ।
५) [illegible] योजना सम्बन्धमा ।
६) [illegible] कार्यक्रम सम्बन्धमा ।
७) [illegible] स्वास्थ्य बीमा [illegible] सम्बन्धमा ।
८) हिमगंगा माविको जिर्ण भवन सम्बन्धमा
९) [illegible] तथा तटबन्ध निर्माण सम्बन्धमा ।
१०) [illegible] सम्बन्धमा ।
११) वडा नं ३ को गुम्बा निर्माण सम्बन्धमा ।
१२) प्रदेश तथा स्थानीय [illegible] कार्यक्रम सम्बन्धमा ।
१३) रकम विनियोजन सम्बन्धमा ।
१४) कर्मचारी [illegible] सम्बन्धमा ।
१५) आर्थिक [illegible] निर्णय अनुमोदन सम्बन्धमा ।
१६) कार्यविधि पास गर्ने सम्बन्धमा ।

निर्णयहरु:

१. प्रस्ताव नम्वर १ उपर छलफल गर्दा मिति २०८१ चैत १६ गते बसेको पन्ध्रौ कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नम्वर २ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिकाको वडा नम्बर ५ को श्री चन्द्र ज्योती माध्यमिक विद्यालयको संस्कृति तथा खेलकुद पोसाक खरिदका लागि रु. ५०,०००।– (पचास हजार) र सोही वडाको श्री महादेव आ.वि. को खानेपानी मर्मतको लागि रु. ५०,०००।– (पचास हजार) रकम सम्वन्धित विद्यालयहरुकै खातामा हस्तान्तरण गर्ने र उक्त कार्यको श्रेस्ता राखे, लेखापरिक्षण गर्ने लगायतका सम्पुर्ण कार्यहरु सम्वन्धित विद्यालयबाट नै गरि योजना सञ्चालन गर्न दिने निर्णय गरियो ।

३. प्रस्ताव नम्वर ३ उपर छलफल गर्दा आ.व.२०८२/०८३ का लागि प्रदेश समपुरक अनुदानमार्फत कार्यान्वयन हुने गरि तपशिल वमोजिमका योजनाहरु कोशी प्रदेश बिराटनगरमा माग गर्ने निर्णय गरियो।

तपशिल:

क्र.सं.	योजनाको नाम	वडा नं
१.	वडा नम्वर लामजुरा-गोयम- दाक्चु सडकखण्डको सडक स्तरन्नोती	५
२.	वडा नम्वर २ अन्तर्गतको राइदा- जोलखु- वुद्व माध्यमिक विद्यालयसम्मको सडक स्तरन्नोती	२

४. प्रस्ताव नम्वर ४ उपर छलफल गर्दा यस लिखु पिके गाउंपालिका भित्र हालसम्म पनि कुनै स्थानीय विषयका पाठ्यक्रम निर्माण नभएको हुंदा उक्त स्थानीय विषयका पाठ्यक्रम निर्माण गर्नका लागि रु. १,००,०००।– (एक लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नम्वर ५ उपर छलफल गर्दा यस यस लिखु पिके गाउंपालिका शैक्षिक क्षेत्र सुधार योजना तर्जुमा गर्नका लागि गाउंपालिकाबाट २६% अर्थात १,९३,३००।– र रिड नेपाल ले ७४% सहयोग गरि शिक्षा सुधार योजना अन्तिम चरणमा भएकोले २०७९- २०८४ को विद्यालय शैक्षिक क्षेत्र सुधार योजनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका भित्र अध्यक्ष कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि बनेको कार्यविधि बैठकमा पेश गरि उक्त कार्यविधि सर्वसम्मत रुपमा पास गर्ने निर्णय गरियो । साथै यस कार्यक्रम संचालन गर्नका लागि रकम अपुग भएकोले उक्त कार्यक्रम रोयल्टी बापत प्राप्त हुने रकम बाट सोधभर्ना हुने गरि रु. १०,००,०००।- (दश लाख) रुपैया सोधभर्ना गर्ने र उक्त कार्यक्रम सञ्चालन गर्नका लागि सहायकस्तर पाचौंतह सो सरहको करार सेवामा कर्मचारी पदपुर्ती गर्नका लागि गाउँपालिका कार्यालयबाट विज्ञापन गर्ने निर्णय गरियो।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा वडा नम्बर ३ मा रहेको चौलाखर्क स्वास्थ्य चौकीको छाना मर्मत, गर्नका लागि यस लिखु पिके गाउँपालिकाबाट रु. ५,००,०००।- (पाँच लाख) र वडा नम्बर ३ बाट रु. १,००,०००।- (एक लाख) र लिखु पिके गाउँपालिका स्वास्थ्य शाखाबाट रु. ७६,०००।- (छैहत्तर हजार) गरि जम्मा ६,७६,०००।- (छ लाख छैहत्तर हजार) रकम कायम गरि चौलाखर्क स्वास्थ्य चौकी मर्मत शिर्षकमा योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा श्री हिम गंगा माध्यमिक विद्यालय भित्र रहेका प्रयोगमा नआएका जिर्ण भवनहरुको व्यवस्थापन गर्नका लागि वि.व्य.स.पदाधिकारी स्थानीय नागरिकहरुको उपस्थितिमा प्रहरी मुचुल्का गरि उक्त भवनहरुलाई भत्काउने निर्णय गरियो ।

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा लिखु पिके गाउँपालिका वडा नम्बर ५ मा रहेको किञ्जा खोला जलधार क्षेत्र व्यवस्थापन तथा तटबन्धन निर्माण गर्नका लागि उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका भित्र संचालित ३ वटा हाईड्रोइपावरहरु क्रमशः लिखु १, बुकु कासी जलविद्युत आयोजना र लिखु A ले हाईड्रोपावर निर्माणको क्रममा प्रयोग भएको ढुंगा, गिट्टि बालुवा लगायतका अन्य प्राकृतिक सामाग्रीहरु प्रयोग गरेबापत बुझाउँनु पर्ने राजश्व रकम नबुझाएको भनि आर्थिक वर्ष २०७९/०८० को महालेखा परिक्षकको वार्षिक प्रतिवेदनमा (मू.अ.कर सहित) क्रमश लिखु १ को रु. १,६१,३३,७८८।३६ (अक्षेरी एक करोड एकसट्ठी लाख तेत्तिस हजार सात सय अठासी रुपैंया छत्तिस पैसा मात्र), बुकु कासीको रु. १०,४७,६४७।७२ (अक्षेरी दश लाख सत्चालिस हजार छ सय सत्चालिस रुपैया बहत्तर पैसा मात्र) र लिखु A रु. ६०,७६,३६२।०७।(अक्षेरी साठ्ठी लाख छयात्तर हजार तिन सय बैसट्ठी रुपैंया सात पैसा मात्र) गरि कुल जम्मा रकम रु. २,३२,५७,७९८।९५ (दुई करोड बत्तिस लाख सन्ताउन्न हजार सात सय अन्ठानब्वे रुपैया पन्चानब्वे पैसा) बेरुजुको रुपमा औंल्याएको,

सो सम्बन्धमा महालेखा परिक्षकको कार्यालय सँग समन्वय गरि बुझाउँनु पर्ने सो रकम बुझाएको वा नबुझाएको, उल्लेखीत परिमाणको प्राकृतिक स्रोत (ढुंगा, गिट्टि, बालुवा) प्रयोग गरेको वा नगरेको र हालसम्म सो राजश्व नबुझाएको भएमा गाउँपालिका मार्फत सो रकम जम्मा गरिदिन यस कार्यालय मार्फत बारम्बार सम्बन्धित हाईड्रोपावर कम्पनिहरुलाई पत्राचार गरिएको तर हालसम्म सो सम्बन्धमा ३ वटै हाईड्रोपावरहरुले यस कार्यालयलाई कुनै पनि जानकारी उपलब्ध नगराएको,

सो रकम सम्बन्धमा सम्बन्धित कम्पनीहरुबाट विवरण दिन आनाकानी गरेको र महालेखा परिक्षकको प्रतिवेदनले औल्याईएको बेरुजु रकम गाउँपालिकाको नाममा हालसम्म कायम रहेको र सो बेरुजु रकम फछ्यौंट गर्ने कार्य समेत हुन नसकेको कारण नेपाल सरकार उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विघुत विकास विभाग र विघुत नियमन आयोगमार्फत सम्बन्धित हाईड्रोपावर कम्पनीहरुको सो राजश्व रकम सम्बन्धमा एकिन विवरण लिने कार्यको लागि पत्राचार गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका वडा नम्बर ३ को नाम्खेलीमा रहेको **Ngagyur Nyingma Palyul Dhonkhag Chholing Monastery,** गुम्बा निर्माणका लागि यस लिखु पिके गाउँपालिकाले ५% व्यहोर्नु पर्ने भनि सम्झौता समेत भईसकेको र उक्त गुम्बा निर्माण गर्न ठेक्का प्रकृया अगाडी बढाउँनका लागि गाउँपालिकाले पहिले नै रकम विनियोजन गरि सकेको कारण उक्त व्यहोर्नु पर्ने ५% रकम गाउँपालिका सँग नभएको हुँदा उक्त रकम अर्थ मन्त्रालय समक्ष माग गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नम्बर १२ उपर छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश बिराटनगर अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम तर्फ नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को चालु आ.व. २०८१/०८२ को कार्यक्रम कार्यान्वयनका लागि सोहि निर्देशिकाको दफा ५ बमोजिम नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका,२०७८ को अनूसूची १ बमोजिमको ढाँचामा अवधारणा पत्र भरि पेश गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका अन्तर्गत रुद्र बहादुर बस्नेतको घरमा पूर्वाधार शाखा, रोजगार शाखा र जिन्सी शाखा भाडामा बसेको र सोही घरमा राखेको सामान स्टोर २०८१।११।१८ गते जलेर नष्ट भएकोले मसलन्द खर्च शिर्षकहरुमा थप रकम आवश्यक हुने भएको हुँदा पालिका प्रशासनिक भवन निर्माणका लागि छुट्याइएको रकम रु २,००,००,००० (दुइ करोड) मध्येबाट रु १५,००,००० (अक्षरेपी पन्ध्र लाख) मसलन्द खर्चका लागि रकमान्तर गरी कार्यालयको लागि चाहिने आवश्यक सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो।

१४. प्रस्ताव नम्बर १४ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका कार्यालय अन्तर्गत कार्यरत कर्मचारीहरुको पोशाक खर्चको लागि विनियोजित रकम अपुग भएकोले कर्मचारी तालिम शिर्षकबाट छुट्याईएको रु. २,३४,०००।- (दुई लाख चौत्तिस हजार) रकम रकमान्तर कर्मचारी पोशाक खर्चमा खर्च गर्ने निर्णय गरियो।

१५. प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा आर्थिक विकास समितिबाट प्रदेश हस्तान्तरित सशर्त कार्यक्रम, चिया प्रवर्द्धन कार्यक्रम र पशु विकास शाखाबाट संचालन हुने चौरी प्रवर्द्धन कायक्रम र याक प्रवर्द्धन कार्यक्रम सम्बन्धि गरेका निर्णय अनुमोदन गरि कार्यान्वयन गरि गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव नम्बर १६ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका अन्तर्गत याक/चौरी प्रवर्द्धन कार्यक्रमको लागि बनेको कार्यविधि सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।